




# रोनाल्डोमाथि बलात्कारको आरोप, रोनाल्डो अदालत जाने




मड्रिड, १५ अप्रेल

पोर्चुगलका कप्तान तथा स्पेनिस क्लब रियल मड्रिडका स्ट्राइकर क्रिष्टियानो रोनाल्डोमाथि एक महिलालाई बलात्कार गरेको आरोप लगाउँदै एक जर्मन म्यागजिनले खबर छापेको छ। जर्मन म्यागजिन डेर स्पिएजेलले सन् २००९ मा एक महिलालाई बलात्कार गरेको र ती महिलालाई तीन लाख पाउण्ड स्टर्लिङ दिएर सुल्झ्याएको आरोप लगाएको छ। रोनाल्डोले ती महिलालाई पैसा दिएर घटना गुपचुप राखेको म्यागजिनले आरोप लगाएको छ। तर रोनाल्डोले भने आरोप अस्वीकार गर्दै खबर पूरै कपोलकल्पित रहेको बताएका छन्। रोनाल्डोका एजेन्टले विज्ञप्ति निकालेर म्यागजिनमा छापिएको लेख जर्नालिस्टिक फिक्सनको एक नमूना रहेको उल्लेख गरेका छन्। रोनाल्डोमाथि लगाइएको अरोप अपमानजनक र घृणित रहेको विज्ञप्तिमा उल्लेख छ। घटना भएका बेला २० वर्षको हाराहारीमा रहेकी महिलाबाट प्राप्त भएको चिठ्ठीका आधारमा रोनाल्डोमाथि आरोप लगाइएको बखरमा उल्लेख छ। तर ती महिलाका बारेमा केही खुलाइएको छ। रोनाल्डोले आफ्नो अपमान गरेको भन्दै म्यागजिन विरुद्ध कानूनी कार्वाहीको प्रक्रिया सुरु गर्न लागेको विज्ञप्तिमा उल्लेख छ। घटना लस भेगासमा भएको खबरमा उल्लेख गरिएको छ।

# विराटको उत्कृष्ट पुनरागमन, १ रनले रैनालाई उछिने



बेङ्गलुरु, १५ अप्रेल

तीन खेल अनुपस्थितपछि दशौं संस्करणको आइपीएलमा फर्किएका भारतीय कप्तान विराट कोहली फेरि सर्वाधिक रन बनाउने ब्याट्सम्यान बन्न पुगेका छन्। उनले अहिले मुम्बई इण्डियन्सविरुद्ध बेङ्लुरुमा भइरहेको आइपीएलको चौथो खेलमा उत्कृष्ट पुनरागमन गर्ने क्रममा ६२ रन बनाए। यो रनसँगै उनी पुनः आइपीएलमा सर्वाधिक रन बनाउने ब्याट्सम्यान बन्न पुगेका हुन्। दशौं आइपीएलको पहिलो खेलमा गुजरात लायन्सका कप्तान सुरेश रैनाले सर्वाधिक रन बनाउने सूचीमा उनलाई उछिनेका थिए। तर, आज ६२ रन बनाएपछि विराट १ रनले रैनाभन्दा अगाडि बढेका छन्। विराटले १ सय ३२ इनिङमा ४ हजार १ सय ७२ रन बनाएका छन्। रैनाको १ सय ४५ इनिङमा ४ हजार १ सय ७१ रन छ। विराटले जसप्रित बुमराहको १३ दशमलव ५ ओवरमा छक्का प्रहार गर्दै आफ्नो अर्धसतक पुरा गरेका थिए। उनी २ छक्का र ५ चौकाको सहयोगले ४७ बलमा ६२ रन बनाउदै मिचेल मेक्लेनघनको बलमा क्याच आउट भए। उनले एबी डीभिलियर्ससँग मिलेर तेस्रो विकेटका लागि ४७ रनको साझेदारी गरेका थिए। उनी नवौं आइपीएसम्म सर्वाधिक रन बनाउने ब्याट्सम्यान थिए। उनले ४ हजार १ सय १० रन बनाएका थिए। तर, काँधको चोटका कारण अघिल्लो ३ खेल खेल्न नसकेको अवस्थामा गुजरात लायन्सका कप्तान रैनाले उनलाई रन बनाउने अभियानमा उछिनेका थिए।

## १० हजार रनको रेकर्ड बनाउन ३ रनले चुके क्रिस गेल

बेङ्गलोर, १५ अप्रेल

क्रिस गेल टी–२० क्रिकेटमा १० हजारको रेकर्ड बनाउन मात्र ३ रनले चुकेका छन्।

इण्डियन प्रिमियर लिग क्रिकेट आईपीएलमा मुम्बई इण्डियन्सविरुद्ध ओपनिङ गरेका गेल नयाँ रेकर्ड बनाउन चाहन्थे। त्यसका लागि उनले निकै रोकेका खेलेका थिए। तर, २२ रनमा आउट भएका छन्। मुम्बईका हार्दिक पाण्डेयले गेललाई पार्थिव पटेलको हातबाट क्याच गराए।

टी–२० मा गेलको रन अब ९ हजार ९९७ भएको छ। अहिलेसम्म कुनै पनि ब्याट्सम्यानले टी–२० मा १० हजार रनको आँकडा भेट्टाउन सकेको छैनन्।

## आईपीएल म्याचको क्रममा मैदानमै ब्याट भाँचियो

राजकोट, १५ अप्रेल

अन्तर्राष्ट्रिय क्रिकेटमा हरेक दिन केही कीर्तिमान बन्छन, केही तोडिन्छ। तर, कीर्तिमान बनाउने ब्याट नै फुटेको घटना धेरै कम सुन्न पाइन्छ। यस्तै, एउटा घटना भएको छ, दशौं आइपीएलअन्तर्गत गुजरात लायन्स र राइजिङ पूणे सनराइजर्सबीचको खेलमा।

शुक्रवार यी दुई पुछारका टीमबीच भएको भिड्न्तमा मैदानमै पूणेका ब्याट्सम्यान मनोज तिवारीको ब्याट दुई टुक्रा भएको थियो। भारतीय क्रिकेटका पूर्व बलर प्रविण कुमारको ब्ल्याक होलमा हालेको बललाई कठोर प्रहार गर्ने क्रममा तिवारीको ब्याट दुई टुक्रा भएको थियो।

उनी त्यतिबेला २९ रन बनाएर खेलिरहेका थिए। राजकोटमा भएको यो खेलमा प्रविण १८ ओभरमा बलिङ गर्न आएका थिए। उनले चौथो बल योर्कर फ्याकेका थिए। जसलाई मिडविकेटतर्फ कडा प्रहार गर्ने क्रममा ब्याट भाँचिएको थियो। मनोजले भाँचिएकै ब्याटले दुई रन लिएका थिए। उनी पछि एन्ड्रयु टाईको बलमा ३१ रन बनाएर आउट भए। यसपछि अर्को ब्याट मगाइएको थियो। उनी यो घटनाको चौथो बलपछि नै आउट भए। उनलाई गुजरातका एन्ड्रयुले ह्याट्रिक लिने क्रममा दोस्रो शिकार बनाएका थिए।

# खेलाडीको विषयमा विभेदपूर्ण टिप्पणीका कारण पूर्व सम्पादक केभिन निलम्बित



लण्डन, १५ अप्रेल

ब्रिटेनको प्रतिष्ठित समाचार पत्र 'दि सन' मा प्रकाशित एक आर्टिकलको कडा आलोचना भएपछि समाचार पत्रले माफि मागेको छ र साथै टिप्पणीकारलाई पत्रिकाले निलम्बन समेत गरेको छ। इभर्टनका एक खेलाडीको विषयमा विभेदपूर्ण लेख लेखेको भन्दै ब्रिटेनको चर्चित समाचार पत्र 'दि सन' ले आफ्नो पूर्व सम्पादक तथा टिप्पणीकार केभिन म्याकेन्जीलाई निलम्बित गरेको हो।

म्याकेन्जीले गत शुक्रवार आफ्नो लेखमा इभर्टनका मिडफिल्डर रोस बार्कलेलाई गोरिल्लासँग तुलना गरेका थिए भने लिभरपुलवासीलाई ड्रग्स माफियासँग। अहिले मर्सिसाइड पुलिस उनको विभेदपूर्ण टिप्पणीको विषयमा छानबीन गरिरहेको छ। पत्रिकाले भने म्याकेन्जीको टिप्पणी प्रकाशित भएकोमा आत्मलोचनासहित माफी मागेको छ।म्याकेन्जे १९८१ देखि १९९४ सम्म पत्रिकाको सम्पादक थिए। उनी पछिल्लो समय टिप्पणी लेख्ने गर्थे। उनले रोस बार्कलेको बाजे नाइजेरियामा जन्मिएको र उनी गोरिल्ला जस्तो लाग्ने टिप्पणी गरेका थिए। उनले बार्कलेलाई मोटे र चिडियाखानामा राखिएको गोरिल्लाको उपमा दिएका थिए।

यस्तै, उनले लिभरपुलवासीलाई जेलमा राखिएको ड्रग्स माफियाको संज्ञा दिएका थिए। २३ वर्षीय बार्कलेमाथि गत साता लिभरपुलको एउटा बारमा कुटपीट भएको थियो। प्रहरीले यस विषयमा पनि अनुसन्धान गरिरहेको छ। लिभरपुलका मेयर जोए एन्डर्सनले म्याकेन्जीको लेखमा देखिएको विभेदपूर्ण टिप्पणीको विषयमा पुलिसमा उजुरी दर्ता गराएको बताएका छन्।

## बोरुसिया डर्टमुण्ड बमकाण्ड: इस्लामिक सम्बन्धमा शंका

डर्टमुण्ड, १५ अप्रेल

जर्मन क्लब बोरुसिया डर्टमुण्डका खेलाडी चढेको बसमा भएको आक्रमणमा इस्लामिक विद्रोहीको संलग्नता रहेकोमा शंका उत्पान्न भएको अनुसन्धानमा संलग्न अधिकारीले बताएका छन्। च्याम्पियन्स लिग फुटबलको क्वाटरफाइनलको पहिलो लेग अन्तर्गत मोनाकोसँगको खेलका लागि खेलाडी लिएर गएको बसमा गएको मंगलवार राति तीनवटा बम आक्रमण भएको थियो। त्यसमा इस्लामिक विद्रोही समूहको संलग्नता रहेको प्रारम्भीक अनुमान थियो।

तर घटनास्थलबाट फेला परेको पर्चा इस्लामिक विद्रोहीको नरहेको अनुसन्धानमा संलग्न अधिकारीले बताएका छन्। राजनीतिक अतिवादी वा फुटबलका उग्र समर्थकले घटना गराएको हुन सक्ने देखिएको छ। घटनामा डर्टमुण्डका स्पेनिस खेलाडी मार्क बाट्रा घाइते भएका थिए। त्यसपछि रोकिएको खेल बुधवार राति भएको थियो।

घटनामा संलग्न भएको आरोपमा बुधवार २५ वर्षका इराकी नागरिक पक्राउ परेका थिए। तर घटनास्थलबाट फेला परेको पर्चा इस्लामिक नभएकाले घटना राजनीतिक वा अराजक फुटबल समर्थकबाट भएको हुन सक्ने सम्भावना बढेको हो।

## डी मारियाको दुई गोल, पीएसजीको जीत

मड्रिड, १५ अप्रेल

पेरिस सेन्ट जर्मेन (पीएसजी) ले फ्रेन्च लिग वान लिडर मोनाकोसँग अंक बराबरी गरेको छ। लिग अन्तर्गत शुक्रवार राति भएको खेलमा एन्जर्सलाई २–० ले हराएर मोनाकोसँग अंक बराबरी गरेको हो।

पीएसजीको जीतमा दुवै गोल एन्जल डी मारियाले गरे। २८ औं मिनेटमा डी मारियाले पहिलो गोल गर्दै पीएसजीलाई अग्रता दिलाए। पहिलो हाफमा १–० ले अघि रहेको पीएसजीका लागि ८४ औं मिनेटमा डी मारियाले नै व्यक्तिगत दोस्रो गोल गर्दै २–० को जीत दिलाए।

जीतपछि दोस्रो स्थानको पीएसजीको ३२ खेलबाट ७४ अंक भएको छ। एक खेल कम खेलेको शीर्ष स्थानको मोनाकोको पनि ७४ अंक नै छ। तेस्रो स्थानको निसको ३२ खेलबाट ७० अंक छ।

## दर्शकको उपद्रोका कारण लियोनलाई सजाय हुन सक्ने

लण्डन, १५ अप्रेल

फ्रेञ्च क्लब लियोनले युरोपा लिगअन्तर्गत बेसिकटासविरुद्धको खेल राम्रोसँग आयोजना गर्न नसकेको भन्दै युरोपेली फुटबलको आधिकारीक संस्था युइएफएले छानबीन गर्ने भएको छ।

शुक्रवार बिहान सम्पन्न खेल दर्शकहरुको उपद्रोका कारण ४५ मिनेट ढिलो सुरु भएको थियो। लियोनको पार्क ओलम्पिक लियोनिस रंगशालामा भएको युरोपा लिगको क्वाटरफाइनलअन्तर्गत पहिलो लेगको खेलमा फ्रेञ्च क्लबले टर्कीस क्लब बेसिकटासको आतिथ्य गर्दै थियो।

युइएफएले शुक्रवारको घटनामा लियोनविरुद्ध ४ वटा आरोप लगाएको छ। जसमा दर्शक बसेको सिटमा रकेट प्रहार गरिएको, आउने जाने सिडीको बाटो अवरुद्ध पारिएको, अपर्याप्त व्यवस्थापन र मैदानमा अवरोध पुर्याएको जस्ता आरोप छन्।

युइएफएले लियोन क्लबविरुद्ध बयानको समय सार्वजनिक गरेको छैन्। बयानपछि युइएफएको अनुसन्धान समितिले सजायको निक्यौल गर्नेछ।

## विश्वकै सबैभन्दा महँगा १० फुटबल खेलाडीहरु

विश्वमा उत्कृष्ट खेल खेल्ने खेलाडीलाई क्लबहरुले जस्तोसुकै मुल्य तिर्न तयार रहेको पछिल्लो अध्ययनले देखाएको छ। फुटबलमा खेलाडीहरुको मुल्य आकाशिएको छ। फुटबल विश्लेषकहरु पनि यस कुरालाई ठुलो महत्वका साथ हेर्न थालेका छन्।

क्लबहरु बलियो टीम बनाउन जस्तो सुकै मुल्य तिर्न तयारले पनि फुटबल खेलमा छुट्टै रौनक थपिएको छ। धनी क्लबहरुले त अझ विश्व रेकर्ड रकम तिर्दै खेलाडीहरु अनुबन्ध गरेका छन्। यस मामिलामा सधै रियल मड्रिड क्लब अगाडि देखिन्थ्यो तर यसपटक भने इंलिस क्लब म्यानच्यास्टर युनाइटेड अगाडि देखिएको छ। आउनुहोस् हेरौ विश्वका १० महँगा खेलाडीहरुको सुचीः

१. पाउल पोग्वा (युटेन्स–म्यानच्यास्टर युनाइटेड, २०१६, ९३.२ मिलियन पाउण्ड)

फ्रान्सेली पाउलले सन् २०१२ म्यानच्यास्टर युनाइटेड छोडेका थिए। म्यानुको टोलीमा स्थान नपाएपछि उनले म्यानच्यास्टर युनाइटेड छोड्ने निर्णय गरे। तर म्यानु छोडेकै केही वर्षमा नै उनले आफुलाई परिस्कृत गरेर देखाइ दिए। विश्वका हरेक धनी क्लब उनलाई किन्न आतुर देखिए। कुनै समय म्यानुमा स्थान नपाएका यी खेलाडीलाई पुन म्यानुले ठुलो धनराशी तिर्दै अनुबन्ध गर्‍यो। २३ वर्षीय यी खेलाडीलाई म्यानुमा ल्याउन क्लबले ९३.२ मिलियन पाउण्ड खर्चिएको छ। पाउल विश्वकै सबैभन्दा महँगा खेलाडीको पहिलो नम्बरमा रहेका छन्।

२. ग्यारेथ बेल (टोटनह्याम हट्सपर–रियल मड्रिड, २०१३, ८६ मिलियन पाउण्ड)

वर्ल्ड रेकर्ड रकम तिर्दै बेललाई सन् २०१२–१३ को सिजन पश्चात रियल मड्रिडले अनुबन्ध गरेको थियो। चार वर्षअघि रियल मड्रिडले नै म्यानुबाट क्रिस्टियानो रोनाल्डोलाई वर्ल्ड रेकर्ड रकम तिरेर ल्याएको थियो। तर, पछि ग्यारेथ बेललाई रोनाल्डोभन्दा पनि धेरै रकम तिरेर ल्याएपछि उनी विश्वकै महँगा खेलाडीको रुपमा परिचीत भएका थिए। प्रारम्भिक दिनहरुमा बेललाई स्पेनमा रहन अत्यन्त असहज भएको थियो। उनको विरोधमा रियल मड्रिडका कही फ्यानहरु समेत उत्रेका थिए। २७ वर्षीय बेल हाल रियल मड्रिडको एउटा महत्वपुर्ण खेलाडीका रुपमा परिचीत छन्। उनी आएपछि क्लबले दुई पटक च्याम्पियन्स लिगको उपाधि समेत जितिसकेको छ।

३. क्रिस्टियानो रोनाल्डो (म्यानच्यास्टर युनाइटेड–रियल मड्रिड, २००९, ८० मिलियन पाउण्ड)

सन् २००८ मा रियल मड्रिड क्लबले रोनाल्डोलाई भित्राउन म्यानुका प्रशिक्षक सर एलेक्स फर्गुसनलाई फकाउन ठुलो कोसिस गर्‍यो। तर, सकेन। त्यसपश्चात एक वर्षपछि पुनः रियलले क्रिस्टियानो रोनाल्डो किन्ने प्रस्ताब राख्यो। यो पटक भने रियल सफल भयो। विश्वकै महँगो खेलाडी बन्दै रोनाल्डो रियल क्लबसँग आवद्ध भएका थिए। ३१ वर्षिय रोनाल्डोले ३४७ खेलमा ३६४ गोल गरेका छन्। रियल आएपछि दुईवटा च्याम्पियन्स लिग र एउटा लिग उपाधि जित्न सफल भएका छन्। हालै उनले युरो कप उपाधि पनि जितेका छन्। उनले तीनपटक बेलोनडोर पनि जितेका छन्।

४. गोन्जालो हिगुइन (नेपोली–युभेन्ट्स, २०१६, ७५.३ मिलियन पाउण्ड)

यी अर्जेन्टिनी स्टारले नेपोलीमा इतिहास रचे। पुर्व रियल मड्रिड क्लबबाट पनि उत्कृष्ट खेल खेलेका उनले इटालियन लिगमा ३६ गोल गर्दै इतिहास रचेका थिए। युभेन्ट्सले उनलाई ७५.३ मिलियन पाउण्ड तिर्दै आफ्नो क्लबसँग अनुबन्ध गराएको हो। इटालियन लिगमा उनी सबैभन्दा महँगा खेलाडी हुन्।

५. लूइज स्वारेज (लिभरपुल–बार्सिलोना, २०१४, ७५ मिलियन पाउण्ड)

लिभुरपुल क्लबबाट उत्कृष्ट खेल खेलका लूइज स्वारेजलाई बार्सिलोना क्लबले ७५ मिलियन पाउण्ड तिर्दै अनुबन्ध गरेको थियो। लिभरपुल क्लबमा एक सिजनमै ३१ गोल गरेका स्वारेजले लिभरपुल क्लबलाई लिग जिताउन हरसम्भव प्रयास गरेका थिए। तर, २ अंकले म्यानच्यास्टर सिटीले लिग उपाधि जितेको थियो। विश्वकपमा जर्जियो चिलेनीलाई टोकेपछि उनी विवादमा आएका थिए। उनलाई फिफाले ४ महिनाका लागि निलम्बन गरेको थियो। निलम्बनमा रहेका स्वारेजलाई किन्ने आट बार्सिलोना क्लबले देखायो र ठुलो धनराशी लिभरपुललाई तिर्दै क्लबमा अनुबन्ध गरेको थियो।

६. जेम्स रोड्रिगेज (मोनाको–रियल मड्रिड, २०१४, ६३ मिलियन पाउण्ड)

कोलम्बियाबाट उत्कृष्ट खेल प्रदर्शन गरेका जेम्सलाई भित्राउन रियल मड्रिड आतुर देखियो। सन् २०१४ को विश्वकप पश्चात रियलले ६३ मिलियन पाउण्ड तिर्दै जेम्सलाई क्लबलाई भित्राउन सफल भयो। रियल मड्रिड आएपछि भने उनलाई खेल्ने समय कम दिइएको छ। एथ्लेटिको मड्रिडसँग भएको खेलमा उनी सब्सिच्युटमा खेल्ने मौका पाएका थिए।

७. एन्जेल डि मारिया ( रियल मड्रिड–म्यानच्यास्टर युनाइटेड, २०१४, ५९.७ मिलियन पाउण्ड)

सधै महँगा खेलाडीहरु किन्ने गरेको रियल मड्रिड क्लबले ठुलो रकममा पहिलो पटक एन्जेल डि मारियालाई बेच्यो। म्यानुले क्लब रेकर्ड रकम तिर्दै डि मारियालाई भित्र्यायो। म्यानुमा आएपछि उनले उत्कृष्ट खेल प्रदर्शन गरे तर क्लब प्रशिक्षक लुइज भान गालसँग कुरा नमिलेपछि उनले क्लब छोड्ने निर्णय गरे। म्यानुमा १२ महिनाको बसाइपछि उनी पीएसजी गए।

८. जालाटान इब्राहिमोबिक (इटरमिलान–बार्सिलोना, २००९, ५७ मिलियन पाउण्ड)

सन् २००९ मा सिरियामा उत्कृष्ट खेल खेलेपछि इब्राहिमोबिकलाई बार्सिलोना क्लबले किन्ने निर्णय गर्‍यो। सन् २०१० मा च्याम्पियन्स लिग जितेको इन्टरमिलान त्यसपछि लिगमा राम्रो खेल प्रदर्शन गर्न सकेन। उता स्पेन आएका इब्राहिमोबिक पनि स्पेनमा जम्न सकेनन्। उनी एसी मिलान क्लब फर्किए। त्यसपछि उनी फ्रान्सको पिएसजी क्लबसँग आवद्ध भएका थिए। हालै फ्रि ट्रान्सफरमा उनी म्यानु क्लबमा आवद्ध भएका छन्।

९. काका (एसी मिलान–रियल मड्रिड २००९, ५६ मिलियन पाउण्ड)

सन् २००९ मा एसी मिलान क्लबको आर्थिक अवस्था कमजोर भएपछि काकालाई बेच्ने निर्णय क्लबले गरेको थियो। क्लबले ५६ मिलियन पाउण्डमा रियल मड्रिडलाई बेचेको थियो। उनी रियल गएपछि झन् समस्या थपियो। रियल मड्रिड क्लबमा उनले खेल्ने अवसर निकै कम प्राप्त गरे। निराश भएका काका सन् २०१३ मा मिलान नै फर्किए।

१०. केभिन डि ब्रुने (उल्फ्सवर्ग म्यानच्यास्टर सिटी, २०१५, ५१ मिलियन पाउण्ड)

केही वर्ष चेल्सी क्लबमा बिताएका केभिन डि ब्रुनेलाई, चेल्सी क्लबले सन् जर्मन क्लब उल्फ्सवर्गलाई बेचेको थियो। उल्फ्सवर्गमा उत्कृष्ट खेल प्रदर्शन गरेका केभिन इंलिस क्लबमा पुन आउन चाहानथे। यसका लागि उनी राम्रो क्लबको खोजिमा रहेका थिए। त्यस्तैमा म्यानसिटीले उनलाई सन् २०१५ मा ५१ मिलियन पाउण्ड तिर्दै क्लबमा भित्राएको थियो। चेल्सीमा असफल भएको महसुस गरेका उनी इंलिस क्बलमा आफुलाई प्रमाणित गर्न चाहान्थे। नभन्दै म्यानसिटीमा उनले उत्कृष्ट खेल प्रदर्शन गर्न सके।